

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस ५ गते बिहीबार ❑ 21 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## अग्रज तीन पत्रकार पुरस्कृत

**पोखरापत्र संवाददाता**

पोखरा, ४ पुस

नेपाल पत्रकार महासंघ पूर्व अध्यक्ष डा.सुरेश आचार्य र पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष माधव शर्मा र पूर्व अध्यक्ष कृष्ण बास्तोला पोखरामा पुरस्कृति हुनु भएको छ।

पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले पुरस्कृत पत्रकारलाई नगद सहित ताम्रपत्र र दोसल्लाह ओढाई बुधबार पोखरामा आयोजित समारोहमा उक्त पुरस्कार अर्पण गर्नु भएको हो । नेपाल पत्रकार महासंघ कास्कीले सञ्चालन गर्दै आएको उक्त पुरस्कारको राषि जनही १ लाख ११ हजार १ सय ११ रुपैया रहेको छ। पूर्व सांसद, पोखराका उद्योगपति एवं समाजसेवी सूर्यबहादुर केसीको परिवारजनले स्थापना गरेको सूर्यप्रेम बद्देश्यीय समाजसेवा ट्रस्टद्वारा कीर्ति स्मृति पत्रकारिता वृत्ति प्रदान गर्दै आउनु भएको छ। २०७३ सालदेखि वितरण सुरु उक्त सम्मान कोरोनाका कारण ३



वर्षदेखि रोकिएकोमा यसपालि क्रमशः वर्ष २०७७ का लागि डा। आचार्य, वर्ष २०७८ का लागि शर्मा र वर्ष २०७९ का लागि बास्तोलालाई प्रदान गरिएको संघ कास्कीका अध्यक्ष विमला भण्डारीले बताउनु भयो । पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेस सभापति शेरबहादुर देउवाले पत्रकारहरुलाई नकरात्मक भन्दा सकरात्मक ढंगले समाचार प्रकाश तथा प्रसारण गर्न आग्रह गर्नु भयो । पछिल्लो समयमा नेपालको पत्रकारिता सकरात्मक सुधारको बाटो तर्फ लागेको उहाँको भनाई थियो । पुर्व प्रधानमन्त्री देउवाले सञ्चार माध्यमलाई ब्याड न्युज इज गुड् न्युज हो तर पनि त्यसलाई छाडेर रचनात्मक हुन आग्रह गर्नु भयो । देश र जनताको लागि पत्रकारिताको भूमिका भने महत्पूर्ण हुने उहाँले बताउनु भयो । कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आफुहरुले पत्रकारितालाई बचाउनु पर्छ भन्ने मान्यताले गर्दा अघिल्लो बर्षको तुनामा यस बर्ष लोककल्याणकारी विज्ञापनमा दोब्बरले बृद्धि गरेको दाबी गर्नु भयो । गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशीला सिंखडाले आफुहरुले कास्की सहित प्रदेशका पत्रकारहरुको लागि स्वास्थ्य बिमा कार्यक्रम ल्याएको दाबी गर्दै समाजमा सकरात्मक सन्देस प्रवाह हुने गरी समाचार संकलन गर्न उहाँले आग्रह गर्नु भयो । पुरस्कार स्थापना गर्ने ट्रष्टका तर्फबाट केसी ग्रुपका निर्देशक युवा व्यवायी किरण केसीले बाबुको पाला देखि सुरु भएको उक्त पुरस्कारलाई हरेक बर्षमा उक्त पुरस्कार अर्पण गर्न आग्रह गर्नुभयो । कार्यक्रममा नेपाल प्रेस युनियन अध्यक्ष शिव लम्साल, प्रतिभा छनोट समितिका संयोजकहरु पुण्य पौडेल र ब्रदीविनोद प्रतीक, महासंघ कास्की उपाध्यक्ष रामप्रसाद तिमिल्सिना, सचिव माधव बराल लगायतले पत्रकारको बिषयमा चर्चा गर्नु भएको थियो ।

## 'सरकारको विकल्प खोज्ने कुरै छैन'

**रासस**

चितवन, ४ पुस

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले वर्तमान सरकारको विकल्प खोज्न नपर्ने बताउनुभएको छ । भरतपुर विमानस्थलमा पत्रकारसँग बुधबार कुरा गर्दै उहाँले सरकारले राम्रो काम गर्दै हिम्मतका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

सरकारले भ्रष्टाचारका केश (मुद्दा) मा चासो राखेको उल्लेख गर्दै अध्यक्ष नेपालले भन्नुभयो, "सरकारले भ्रष्टाचारका विषयमा कडाइ गरेको छ, दण्डित गर्ने कदम चालेको छ भनेर प्रशंसा भएको छ ।" कामको आधारमा सरकारको प्रशंसा र आलोचना गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "आलोचना, निन्दा गर्नेहरू पनि हुन्छन्, प्रशंसा गर्नेहरू पनि हुन्छन् ।" आसन्न राष्ट्रियसभाको निर्वाचनबारे उहाँले यही गठबन्धनबीच तालमेल हुने बताउनुभयो।



गठबन्धनका दलबीच छलफल गरेर सिटको टुङ्गो लाग्ने उल्लेख गर्दै नेता नेपालले गठबन्धनबीच सिटको बाँडफाँट भएपछि आफ्नो पार्टीले उम्मेदवारका विषयमा मापदण्ड बनाउने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "कति सिट हाम्रो भागमा पर्ने हो, कुन प्रदेश र कुन क्लस्टरमा हाम्रो भाग पर्ने हो । यी कुरा टुङ्गो लागिसकेपछि हामीले मापदण्ड बनाएर उम्मेदवार चयन गर्छौं ।" पार्टीभित्र राष्ट्रियसभामा जाने व्यक्तिको कुनै कमी नभएको भन्दै उहाँले उम्मेदवारको लर्को लागेको बताउनुभयो । नेत्रविक्रम चन्द्र (विप्लव) लगायत नेतालाई पक्राउ पुर्जी जारी भएको विषयमा अध्यक्ष नेपालले पक्राउ पुर्जी जारी हुनु अनुचित भएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी समाजवादी मोर्चामा पनि छौँ र गठबन्धन सरकारमा पनि छौँ, कानुनी प्रबन्धलाई पनि हेर्नुपर्ने हुन्छ । तर, उहाँहरूमाथि जुन गिरफ्तार गर्ने वारेन्ट जारी भएको छ, यो अनुचित छ ।" नेपालमा आफूहरूले द्वन्द्व समाधान गर्न छलफल, परामर्श र समझदारीको बाटो अवलम्बन गर्दै आएको बताउँदै उहाँले भन्नुभयो, "हतियारबन्द बाटो लिने होइन, यो समस्यालाई बल्झाउने काम कहीँकतैबाट हुनुहुँदैन ।" अध्यक्ष नेपाल पार्टीको राप्ती नगरस्तरीय कार्यक्रममा सहभागी हुन यहाँ आउनुभएको हो ।

## राष्ट्रियसभा निर्वाचनका लागि मतदाता नामावली स्वीकृत

**रासस**

काठमाडौं, ४ पुस

निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मतदाता नामावली स्वीकृत गरेको छ। उक्त निर्वाचनमा कूल दुई हजार ४७ मतदाता कायम गरिएको छ।

राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेशसभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्ने कानुनी व्यवस्था छ । उक्त व्यवस्थाबमोजिम प्रदेशसभा सदस्य पाँच सय ४९ तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख एक हजार चार सय ९८ मतदाता रहेका छन् ।

स्वीकृत नामावलीमा प्रदेशसभा सदस्यतर्फ कूल मतदाता पाँच सय ५० मध्ये निधन भएका प्रदेशसभा सदस्य एक जनाको नाम हटाइ पाँच सय ४९ कायम गरिएको छ । त्यसैगरी गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फको कूल मतदाता एक हजार पाँच सय छ जनामध्ये निधन भएका गाउँपालिका अध्यक्ष एक, उपाध्यक्ष एक, नगरपालिकाका उपप्रमुख एक र निलम्बनमा परेका गाउँपालिकाका अध्यक्ष एक तथा नगरपालिकाका प्रमुख चार जनाको नाम हटाइ कूल एक हजार चार सय ९८ जनाको नामावली स्वीकृत गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले आज जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ। निर्वाचनका लागि प्रदेशसभा सदस्यको कूल मतभार २९ हजार ९७, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको कूल मतभार २८ हजार चार सय ६२ गरी जम्मा ५७ हजार पाँच सय ५९ मतभार कायम गरिएको छ।

आयोगबाट निर्धारित मतभारबमोजिम प्रदेशसभाका सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १९ रहेको छ। निर्वाचन कार्यक्रम बमोजिम यही पुस २० गते निर्वाचन अधिकृतको कार्यालयमा उक्त मतदाता नामावली प्रकाशित हुनेछ।

प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम समावेश हुन छुटेको भए समावेश गर्न, नाम समावेश भएको व्यक्तिको नाम, थर, उमेर, पद आदि विवरण सच्याउनुपर्ने भए सच्याउन तथा मतदाताको विरोधमा उजुरी दिनुपर्ने भए सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दिन सकिनेछ । यही पुस २२ गते अन्तिम मतदाता नामावली प्रकाशन हुने निर्वाचन आयोगले जनाएको छ।

## गाउँमा सडक पुगेपछि कृषि उपज ढुवानीमा सहज

**पोखरापत्र संवाददाता**

वालिङ, ४ पुस

कुनै बेला वालिङ नगरपालिका-५ पाँडेथोकका अधिकांश किसानले उत्पादन गरेको कृषि उपजको बजारीकरणका लागि समस्या रहे पनि अहिले सडक पुगेपछि सहज भएको छ। गाउँमा उत्पादन भएको मौसमी तथा बेमौसमी तरकारी, फलफूल डोकामा बोकेर वालिङ बजार लैजानुपर्ने बाध्यता थियो।

कृषि उपजको बजारीकरणका लागि गाउँमै बिना विद्युतीय रोपवे (ग्राभिटी रोपवे)समेत निर्माण भई सञ्चालनमा आयो । सडकको पहुँच गाउँसम्म पुग्न नसकिरहेका बेला ग्राभिटी रोपवेमार्फत कृषि उपजको ढुवानी गर्दा प्रभावकारी भएको थियो । विस्तारै सडकको पहुँच गाउँमा पुगेपछि अहिले सवारीसाधनमार्फत नै ढुवानी गर्न थालिएको स्थानीय अगुवा कृषक यज्ञप्रसाद लामिछानेले बताउनुभयो। "डोकोमा बोकेर वालिङ, मिर्दी, रामबाच्छा,


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## सुरक्षण मुद्रणसम्बन्धी भरपर्दो र गुणस्तरीय सेवा स्वदेशमै दिन सकिन्छ : मन्त्री शर्मा

**पोखरापत्र संवाददाता**

पोखरा, ४ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सुरक्षण मुद्रणसम्बन्धि भरपर्दो र गुणस्तरीय सेवा स्वदेशमै दिन सकिने बताउनुभएको छ।

देशभित्र नै सुरक्षण मुद्रणसम्बन्धी भरपर्दो र गुणस्तरीय काम गर्नका लागि एक विशिष्टीकृत निकायको स्थापना गरिने उहाँले उल्लेख गर्नुभयो।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचारधीन सुरक्षण मुद्रणसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा उठेका प्रश्नको आज जवाफ दिँदै मन्त्री शर्माले राष्ट्रिय गौरवका आयोजनाका रूपमा सुरक्षण मुद्रणका कामलाई अघि बढाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्दै यसका लागि कानुन बनेपछि बेग्लै संयन्त्र खडा हुने जानकारी दिनुभयो । उक्त केन्द्र स्थापना भए स्वदेशमै नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रजस्ता महत्वपूर्ण सामग्रीको मुद्रण भई राष्ट्रिय पुँजी विदेशिनबाट जोगिने उहाँको भनाइ थियो।

राष्ट्रियसभाबाट पारित भई आएको उक्त विधेयकमा सुरक्षण मुद्रणसम्बन्धी कार्यको प्राधिकार रहने गरी केन्द्र स्थापनाको प्रस्ताव गरिएको छ । नेपाल सरकारका प्रवक्तासमेत रहनुएका मन्त्री शर्माले उक्त विधेयक २०७७ सालमा सदनमा प्रस्तुत भएको र चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा सुरक्षण मुद्रणका काम र मुद्रण विभागका काम एकै निकायबाट गर्ने व्यवस्था भएकाले कतिपय सन्दर्भमा फेरबदल आएको उल्लेख गर्दै मन्त्रालयले सुरक्षण मुद्रणलाई बेग्लै केन्द्र बनाएर मुद्रण विभागलाई पनि यथावत् राख्ने गरी राय दिएको अवगत गराउनुभयो । मन्त्री शर्माले अतिरिक्त हुलाक सेवालाई चरणबद्धरूपमा खारेज गर्ने र हरेक स्थानीय तहमा एउटा हुलाक सेवा विभाग स्थापना गर्ने सरकारको योजना रहेको बताउनुभयो। मन्त्रालयका सचिव कृष्णबहादुर राउतले राष्ट्रियसभाबाट प्राप्त संशोधन र मूल विधेयक तथा वर्तमान परिवेशलाई आत्मसात् गरेर सांसदहरूबाट आउने सुझावका आधारमा विधेयकलाई समृद्ध बनाउन सकिने बताउनुभयो।

समितिका सभापति भानुभक्त जोशीको अध्यक्षतामा बसेको उक्त बैठकमा समितिका सदस्य डा चन्द्र भण्डारीले कानुन बनाउँदा विदेशमा प्रयोग भएका व्याख्या र शब्दावलीलाई 'कपिपेष्ट' गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने बताउनुभयो।

समितिका अर्का सदस्य देवेन्द्र पौडेलले मुद्रण क्षेत्रमा कार्यरत जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, साझा प्रकाशन, नेपाल प्रज्ञा प्रतिष्ठानलगायत निकायलाई पनि संलग्न गराउने गरी सुरक्षण मुद्रण केन्द्रले काम गर्नसक्ने बताउनुभयो। अर्का सदस्य सुमना श्रेष्ठले सुरक्षण मुद्रणमा महत्वपूर्ण सामग्रीको गोपनीयता भङ्ग वा दुरुपयोग हुँदा बढी अवधिको कैद सजायभन्दा आर्थिक जरिवाना बढी राखिएमा अपराध गर्न खोज्ने व्यक्ति निरुत्साहित हुने धारणा राख्नुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# १९ औं लेखनाथ महोत्सवको तयारी पुरा, मुख्यमन्त्री पाण्डेले उद्घाटन गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस

"महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन विकास र सम्मृद्धि" भन्ने मुल नाराका साथ लेखनाथमा सञ्चालन हुन गईरहेको १९औं संस्करणको लेखनाथ महोत्सवको तयारी पुरा भएको छ।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा सञ्चालन हुने महोत्सवको शतप्रतिशत तयारी पुरा भएको र विहिबार एक समारोहका विच गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्ने कार्यक्रम रहेको महोत्सवका मुल संयोजक एवं लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठले जानकारी दिए।

पुष ५ गते देखि १६ गते सम्म चल्ने महोत्सवको माध्यमबाट स्थानीय उत्पादन, लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन, आवश्यक ज्ञान, सिप, उद्यमशिलता र प्रविधि हस्तान्तरण, राष्ट्रिय तथा अन्तराष्ट्रिय मुलुकहरुमा उत्पादित औद्योगिक एवं दैनिक उपभोग्य वस्तु तथा सेवाहरुको प्रवर्द्धन, जातीय भेषभुषा, कला संस्कृति, रितिरिवाजको जर्गेना, आन्तरिक एवं वाह्य पर्यटकहरु आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुर्‍याईने महोत्सवका प्रचार



प्रसार संयोजक एवं लेखनाथ उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष उपेन्द्रराज सुवेदी 'राजु'ले वताए।

महोत्सवले विश्वव्यापी रुपमा देखिएको आर्थिक मन्दिका कारण थला परेको देशको अर्थतन्त्रलाई चलायमान बनाउन तथा पर्यटन प्रवर्द्धन गर्न, देशमा रहेका औद्योगिक उत्पादनलाई बढवा दिन, हस्तकलाका सामानहरुको बजार प्रवर्द्धन र सोको पहिचान गराउन महोत्सव सफल हुने उनले विश्वास व्यक्त गरे। महोत्सवको थप आकर्षणको रुपमा महोत्सवस्थलमा थ्रिडी आर्ट मार्फत कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मघर झल्कने तस्बिर, एलईडि डिस्प्ले मार्फत स्टेजबाट प्रायोजकहरुको प्रवर्द्धन, दर्शकहरुका लागि ई-सेवाबाट टिकट काट्न सकिने गरि व्यवस्था मिलाईनुका साथै राष्ट्रिय स्तरका चर्चित कलाकारहरुवाट स्टेज सो, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी कार्यक्रम, कविता प्रतियोगिता, रितिरिवाज झल्कने सांस्कृतिक कार्यक्रम, नवप्रतिभा खोजी कार्यक्रम लगायतका कार्यक्रमहरु रहेका छन् भने जातजातिहरुको सांस्कृतिक जर्गेना कार्यक्रम तथा मातृशक्तिको सम्मानमा आयोजना गरिदै आएको महिला विशेष कार्यक्रम अन्तर्गत रत्यौली गित प्रतियोगिता, ख्याती प्राप्त कलाकारहरुबाट दैनिक प्रस्तुती, सुगम संगित अन्तर्गत कन्सर्ट लगायत थुप्रै मनोरञ्जनात्मक कार्यक्रमहरुको रुपमा प्रस्तुती रहने संघकी महासचिव जानुका पराजुलीले वताईन।

महोत्सवको बचतवाट प्रदर्शनी स्थल र संघको भवनको स्तरोन्नती, औद्योगिक क्षेत्र निर्माणको लागि पहल एवं सहयोग, कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थल विकास, पर्यटन विकास तर्फ बेगनासतालमा बराह मन्दिर संरक्षण, स्थानीय महिला तथा युवा उद्यमीहरुद्धारा उत्पादित वस्तुहरुको प्रवर्द्धनका लागि उत्कृष्ट स्तरको कोसेली घर निर्माण, संघद्धारा बेगनासतालमा निमार्ण गरिएको लेटर बोर्डको परिसरमा चेम्बरपार्क निर्माण लगायतका विभिन्न सामाजिक उत्तरदायित्वका कार्यमा खर्च गरिने आयोजकले जानकारी दिएको छ। करिब ३३४ स्टल रहने यस महोत्सवमा २ लाख पचास हजारभन्दा बढि दर्शकले मेला अवलोकन गर्ने र करिब ९ करोड बरावरको आर्थिक कारोबार हुने अपेक्षा गरिएको छ। महोत्सवमा करिब ९० लाख आम्दानी हुने र महोत्सव सम्पन्न गर्नका लागि करिब ८० लाख खर्च भई रु १० लाख बचत हुने अनुमान गरिएको छ। महोत्सवलाई पोखरा इको रेड ब्रिक्स प्रा.लि.ले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा पशुपति बिस्कुट र हेटौंडा डेरी, फुड फेस्टीभल प्रायोजकमा न्यूट्रीप्लस शुद्ध तोरीको तेल र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन तथा उप-समिति परिचालन समितिका संयोजक राजेन्द्र ओझाले जानकारी दिए।

# गाउँमा...

भकुण्डेलगायतका बजारमा तरकारी पुर्‍याउनुपर्थ्यो", उहाँले भन्नुभयो, "रोपवे सञ्चालनमा आएपछि डोकोमा बोकेर जानुपर्ने अवस्था हट्यो।" अहिले गाउँबाट बिहानमा बजार झर्ने गाडीमार्फत सिधै उपभोक्ता वा व्यापारीकामा कृषि उपज पठाउन थालिएको उहाँले बताउनुभयो। गाउँबाट बजार झर्ने जिपले गाउँमा उत्पादन भएका कृषि उपज ढुवानी गर्दै आएका छन्। "गाउँमा व्यावसायिकरूपमा तरकारी तथा फलफूल उत्पादन गर्ने किसानले बजार पठाउने तरकारी तथा फलफूल क्यारेटमा तयारी बनाएर राख्छौं", उहाँले भन्नुभयो, "गाउँबाट दैनिक तीन-चारवटा जिप बजार झर्छन् तिनैमार्फत सम्बन्धित उपभोक्ता तथा व्यापारीकामा पठाउने गरेका छौं।" कतिपय ठाउँमा गाउँबाट बजार झर्दा सवारी साधन रित्तै जाने र फर्किंदा बजारबाट सामान लिएर फर्किने देखिएको तर यहाँ ठीकविपरीत भएको वडा नं ५ का वडा सदस्य रामप्रसाद लामिछानेले बताउनुभयो। "पाँडेथोक, पित्लेक, आरुपाटा, पाखुरेलगायतका गाउँ मौसमी तथा बेमौसमी तरकारी, फलफूल उत्पादनका दृष्टिले पकेट क्षेत्र हो", उहाँले भन्नुभयो, "अहिले यहाँ उत्पादन भएका कृषि उपजको बजारीकरणको कुनै समस्या छैन।" गाउँबाट बजार जाने जिपहरूले झट्ट हेर्दा 'कृषि एम्बुलेन्स'को काम गरिरहेको उहाँले बताउनुभयो। किसानले घरमा तयारी अवस्थामा राखेको कृषि उपज गाउँबाट बजार झर्ने जिपचालक तथा कर्मचारीले जिपमा राखेर सम्बन्धित ठाउँमा पुर्‍याएबापत प्रतिकिलो रु दुई भाडा दिने गरिएको छ। "किसानले सिधै व्यापारी वा उपभोक्तालाई सम्पर्क गरी दिन पनि पाउँछन् भने सवारीधनीलाई दिए पनि उनीहरूले बजार लगेर बिक्री गरेपश्चात साँझ क्यारेट र पैसा घरमै ल्याइदिन्छन्", उहाँले भन्नुभयो, "वालिङ नगरभित्रका वालिङ बजार, मिर्दी, भकुण्डे, भुम्रे, रामबाच्छासम्म लगेर बिक्री गरेको प्रतिकिलो रु दुई र त्यहाँभन्दा बाहिर लगेर बिक्री गरेमा थप भाडा किसानले दिने गरी व्यवस्थापन गरिएको छ।"

किसानले बिक्री गर्न आफैं बजार जानु नपर्ने भएकाले पनि समयको बचत भएको जनकल्याण कृषि सहकारी संस्थाका व्यवस्थापक हुमनाथ लामिछानेले बताउनुभयो। गाउँमा एक सय ४२ घरधुरीमध्ये ७२ घरधुरीमा व्यावसायिकरूपमा तरकारी तथा फलफूल गर्दै आइरहेका छन्। सवारीधनीहरूको सहयोगमा गाउँमा उत्पादन भएको कृषि उपजले सहजरूपमा बजार पाएको हो। सवारीधनीले गाउँका प्रत्येक घरबाट उत्पादित कृषि उपज सङ्कलन गरी दैनिक बजार लैजाने र बेलुकी रकम र क्यारेट घरमै फिर्ता गरिदिने भएकाले किसानलाई निकै सहज भएको व्यवस्थापक लामिछाने बताउनुहुन्छ। यहाँ मौसमी तथा बेमौसमी गोलभैंडा, काउली, बन्दा, सिमी, बोडा, काक्रा, करेला तथा सुन्तला, कागती ठूलो परिमाणमा उत्पादन हुने गरेको छ। तरकारी तथा फलफूल बिक्रीबाट यस गाउँमा मात्रै बर्सेनि करोडौं रकम भित्रिने गरेको छ।

# सुन्तलाको मूल्य निर्धारण



**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ पुस

म्याग्दीको बेनी नगरपालिका-४ बास्कुनामा सुन्तलाको न्यूनतम मूल्य निर्धारण गरिएको छ। मूल्यमा एकरुपता कायम गर्न, किसानको सहजता र सस्तोमा सुन्तला बेच्नुपर्ने समस्या हटाउनका लागि वडाका जनप्रतिनिधि तथा किसान समूहले मूल्य निर्धारण गरेका हुन्।

बेनी-४ का वडा सदस्य सन्दिप खत्रीका अनुसार हाल सुन्तलाको मूल्य प्रतिकिलो न्यूनतम रु ८० कायम गरिएको छ। यसअघि यहाँ गत मङ्सिरमा सुन्तला नपाक्दै बिक्री गर्न थालिएको थियो। "किसानले ब्यापारीले जति भन्यो त्यति मूल्यमै सुन्तला बेच्ने गरेका थिए," उहाँले भन्नुभयो। म्याग्दीका अन्य ठाउँका किसानले भने ब्यापारीले भनेको मूल्यमै सुन्तला बिक्री गर्ने गरेका छन्। बास्कुनामा जिल्लामै पहिलो पटक सुन्तलाको न्यूनतम मूल्य निर्धारण गरिएको हो। गत वर्ष यहाँ सुन्तला प्रतिकिलो रु ६५ देखि रु ७५ मा बिक्री भएको थियो। व्यापारीले सुन्तला नटिप्दै अगाडी नै पैसा दिएर खरिद गरिसकेका किसान भीम थापाले बताउनुभयो। यहाँको सुन्तला पोखरा, चितवन, काठमाडौंलगायत ठाउँमा बिक्रीका लागि लग्ने गरिएको उहाँले बताउनुभयो। आगामी सातादेखि सुन्तला टिपेर बजार पठाउने तयारी गरिएको छ। बास्कुना, सुर्केमेला र थामडाँडाका चालीस परिवारले आठ हेक्टर जग्गामा सुन्तलाखेती गरेका छन्। पछिल्लो एक वर्षमा एक हजार नयाँ बिरुवा थपिएका छन्। गत वर्ष तीन वटा गाउँबाट रु एक करोड मूल्य बराबरको सुन्तला बिक्री भएको खत्रीले बताउनुभयो। परम्परागत खाद्यबालीको विकल्पमा व्यावसायिक सुन्तला खेतीबाट जीवनस्तरमा परिवर्तन आएको छ। यहाँका बासिन्दाले धान, मकै र कोदो बाली रोप्न छाडेर सुन्तला रोप्न थालेका छन्। वार्षिक दश मुरी धान फल्ने खेतमा चार सय सुन्तलाका बिरुवा रोपेको बास्कुनाकी तिलकुमारी हुमेनले बताउनुभयो। गत वर्ष रु सात लाख मूल्य बराबरको सुन्तला बिक्री गरेको उहाँको भनाइ छ। "छोरा विदेशिए, छोरीको बिहे भएपछि बाँझिएको खेतमा झाडी फाँडेर सुन बेचेर सुन्तलाका बिरुवा रोपेँ", उहाँले भन्नुभयो। बास्कुना गाउँभरि सुन्तला खेती गरिएको छ। कृषि ज्ञान केन्द्रले बास्कुनालाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बल्क कार्यक्रममा समेटेको छ। सुन्तला बगैंचा व्यवस्थापन गर्ने औजारका साथै झ्याङ, क्रेट, झरेका सुन्तलाको दाना व्यवस्थापन गर्ने पलास्टिकको थैलीलगायतका सामग्री सहयोग गरेको केन्द्रले जनाएको छ। प्रदेश सरकारमार्फत दुई वर्षअघि बास्कुना, सुर्केमेला र थामडाँडाका लागि बालमखोला सिँचाइ आयोजना निर्माण गरिएको छ। बेनी-थामडाँडा-बरंजा सडक स्तरोन्नति नहुँदा भने सुन्तला बिक्री गर्न बजार लैजान समस्या भएको स्थानीय भीम गुरुङले गुनासो गर्नुभयो।

# 'फिस्टेल स्पोर्टस् फेस्ट' को औपचारिक उद्घाटन बिहीबार हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस

पोखरा १७ तल्लो बिरौटामा स्थित फिस्टेल एकेडेमी माविद्वारा आयोजित 'फिस्टेल स्पोर्टस् फेस्ट' को औपचारिक उद्घाटन बिहीबार हुनेभएको छ। विद्यालय स्थापनाको २९ औं वार्षिकोत्सवको अवसरमा यही पौष ३ गतेदेखि केही खेलहरू सुरु भएर भोलि पुस ५ गते औपचारिक उद्घाटन हुन लागेको हो।

पुष ७ गते सम्म सञ्चालन हुने स्पोर्टस फेस्ट अन्तर्गत टेनिस र सेभेन ए साइड प्रतियोगिताहरू जारी रहेको विद्यालयका संस्थापक अध्यक्ष चिनु रानाभाटले जानकारी दिएका छन्। बुधबार सम्पन्न सेभेन ए साइड फुटबलतर्फको पहिलो खेलमा सगरमाथा निकेतनका विरुद्ध लिटिल फ्लावर स्कुलले सहज जित हाँसिल गऱ्यो। सगरमाथाले १ गोल गर्दा लिटिल फ्लावरले ५ गोल गरी सहज जित निकालेको हो। यस्तै दोस्रो खेलमा इडेन्स एकेडेमीलाई १ गोलका विरुद्ध २ गोल गर्दै मेट्रोपोलिटन एकेडेमीले आफ्नो स्थान सुरक्षित गऱ्यो। तेस्रो खेलमा पोखरा पब्लिक र वेलनन एकेडेमीबिच एक/एक गोलको बराबरी भएपछि टाई ब्रेकरमा ३-१ गोलका साथ वेलनन एकेडेमी अगाडि बढेको थियो।

यसैगरी नेपाल आदर्श र शान्तिदीप सकुलका बिच भएको चौँथो खेलमा ४-१ गोलका साथ शान्तिदीप स्कुल चम्कियो। पाँचौं खेलमा टाई ब्रेकरबाट ८-७ गोलका साथ प्रगति स्कुललाई पराजित गरी साइनिङ स्टारले आफ्नो यात्रा सुरक्षित गर्न सफल रह्यो। यस्तै बुधबारको अन्तिम खेलमा बालमन्दिरविरुद्ध सेन्ट फ्रान्सिस स्कुलले ४-१ गोलअन्तरले विजय प्राप्त गऱ्यो।

लिग चरणमा खेलाइएको बास्केटबल खेलतर्फ बुधबार छात्रा र छात्र दुबै समूहका खेलहरू सम्पन्न भए। छात्रा बास्केटबलतर्फ कुमुदिनी होम्सलाई बालकल्याणले १५-१२ स्कोरका साथ पराजित गऱ्यो।

यस्तै छात्रतर्फ स्पाइरल ग्यालेक्सीले प्रगतिलाई ५२-१३, फिस्टेलले वेलननलाई ३८-१८, अल्फाले पोखरा युनाइटेडलाई ५१-३१ स्कोरले पराजित गरे। यसैगरी मनकामना बोर्डिङ स्कुलले भद्रकालीलाई ३७-२४, स्पाइरल ग्यालेक्सीले अल्फालाई ५७-३९, प्रगतिले पोखरा युनाइटेडलाई ५२-२९ र अन्तिम खेलमा मनकामना बोर्डिङ्ल वेलनन एकेडेमीलाई ४५-२९ स्कोरले पराजित गऱ्यो।

यसैगरी १२ वर्षमुनिको टेनिसतर्फ बुधबार भएको पहिलो खेलमा गण्डकी बोर्डिङ स्कुलका स्पन्दन उदासले फिस्टेल एकेडेमीका सुवान केसीलाई ६-०, ६-१ को सोझो सेटमा पराजित गरे भने गण्डकी बोर्डिङ स्कुलका प्रफुल्ल श्रेष्ठले अमरसिंह माविका एलिस गौतमलाई ६-१, ६-१ को सोझो सेटमा पराजित गरे। यसैगरी गण्डकी बोर्डिङ स्कुलका डोजन गुरुङले फिस्टेल एकेडेमी स्कुलका रियान्स भट्टराईलाई ६-१, ६-० को सोझो सेट र फिस्टेल एकेडेमी स्कुलका आर्यसले गण्डकी बोर्डिङ स्कुलका सूर्यांश श्रेष्ठलाई ६-१, ६-० को सोझो सेटमा हराए। १० वर्षमुनिको खेलमा फिस्टल एकेडेमी स्कुलका सुवान केसीले फिस्टेलकै आरुष थापालाई ६-०, ६-० को सोझो सेटमा आउट गरे भने शिशुनिकेतन स्कुलका इभानले फिस्टेल उकेडेमी स्कुलका रियांश भट्टराईलाई ६-३, ६-० स्कोरका साथ सोझो सेटमा पराजित गरे।


बुधबारको अन्तिम खेलमा शिशुनिकेतन स्कुलका ओमयुगले अमरसि.ह माविका एलिस गुरुङलाई ०-६, ७-५, १०-४ को सेटमा विजयी भए। ७ गतेसम्म सञ्चालन हुने खेलकुद प्रतियोगिताबाट फुटबल तथा बास्केटबल खेलमा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले क्रमशः ७५ हजार, ३५ हजार र २० हजार नगद पुरस्कारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभामृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# प्रतिपक्षी आवाज नथुन

संसदीय लोकतन्त्रको वकालत गर्ने भारतीय संसदमा विपक्षीको मुख थुन्ने काम भएको छाभारतीय जनता पार्टी गठबन्धनको बहुमत रहेको लोक सभा र राज्य सभाका प्रतिपक्षी सांसदहरूलाई निलम्बन गरेर जनताको आवाज थुन्न खोजिएको छाबहुमतको नाममा प्रतिपक्षी आवाज थुनेर भारतीय लोकतन्त्र अभ्यास फेरि एक पटक विवादमा परेको छा संसद्का दुवै सदनबाट १४१ जना सांसदहरू चालू हिउँदे अधिवेशनका बाँकी सत्रका लागि निलम्बनमा परेका छन् । अरु देशका लागि नमुना बन्नुपर्ने बेला भारतीय संसद् अभ्यास विवादित भएको छ ।

यो नि लम्बनले १४ करोडभन्दा बढी मतदाताको आवाज थुनिएको हिसाब निकालिएको छा लोक सभाका सांसदले मात्रै १४ करोड ५१ लाख ३५ हजार १०८ जना मतदातालाई प्रतिनिधित्व गर्छन् । त्यस्तै, राज्य सभाका सांसदले गर्ने प्रतिनिधित्वको हिसाब निकाल्न हरेक प्रान्तको मतदाता संख्यालाई उक्त प्रान्तबाट राज्य सभामा प्रतिनिधित्व गर्ने सांसद संख्याले भाग गरिएको थियो । जसबाट राज्य सभामा १८ करोड ४३ लाख ८३ हजार ९०९ जना मतदाताको आवाज थुनिएको छ । त्यति मात्रै होइन, यो निलम्बनसँगै दुवै सदनमा प्रतिपक्षी दलहरूको उपस्थिति कमजोर भएको छ ।

मंसीर २७ मा भारतीय संसद्को सुरक्षा घेरा नाघ्दै दुई जना व्यक्तिले धूवाँ फैलाएको घटनाबारे छलफल गर्न माग गरेपछि संसद्को कारबाहीमा अवरोध पुऱ्याएको आरोपमा प्रतिपक्षी दलका सांसदलाई निलम्बन गरिएको छ । विभिन्न मितिमा गरी लोक सभाका ९५ र राज्य सभाका ४६ जना सांसद निलम्बनमा परेका छन् । संसद् मा भएको घटनाबारे गृहमन्त्री अमित शाहको धारणा माग गरेपछि उनीहरूलाई निलम्बन गरिएको छा शाह र प्रधानमन्त्री नरेन्द्र मोदीले विभिन्न सञ्चारमाध्यममा घटनाबारे धारणा राखे पनि संसद्मा कुनै विचार राखिसकेका छैनन्।सरकारले आफ्नो धारणा संसदमा नराखी संचार माध्यममा राखेपछि प्रतिपक्षीले सरकारको धारणा मान्नु अन्यथा मान्नु हुँदैन ।

प्रधानमन्त्री मोदीले पुस ३ मा भारतीय जनता पार्टी (भाजपा)को संसदीय समितिको बैठकमा प्रतिपक्षीहरूले सुरक्षा उल्लंघनलाई पुष्टि गर्न खोजेको आरोप लगाएका थिए। प्रतिपक्षी दलहरूले भने सांसदहरू निलम्बन गरेर मोदी सरकारले लोकतन्त्रको धज्जी उडाएको आरोप लगाएका छन् । भारतीय कंग्रेस पार्टीका सभापतिले- संघीय सरकारका गृहमन्त्रीले संसद्का दुवै सदनमा सुरक्षा उल्लंघनबारे विचार राखून् र त्यसबारे संसद्मा छलफल होस् । मोदी सरकारले 'विपक्ष मुक्त' संसद् बनाउन यस्तो कारबाही गरेको र सरकारले अधिनायकवादी रवैया देखाएको आरोप विपक्षी सांसदहरूले लगाएका छन् । सरकारले भने सांसदहरूले आफ्नो मागको समर्थमा संसद्मा हंगामा गरेर कारबाही अगाडि बढाउन नदिएकाले निलम्बन गरेको दाबी गरेको छ ।

विपक्षी दलहरूले भने मोदी सरकारले मनोमानी गरिरहेको र संसद्मा पेश भएका विधेयकहरू एकलौटी पारित गर्न यसो गरिएको तर्क गरेका छन् । भाजपाले भने सरकारले प्रस्तुत गरेका महत्वपूर्ण विधेयकहरू पारित गर्नबाट रोक्न विपक्षीहरूले योजनाबद्ध षड्यन्त्र गरेको आरोप लगाएको छा कंग्रेस र उसका सहयोगी दलहरूले लोक सभाका सभामुख एवं राज्य सभाका अध्यक्षको अपमान गरेको समेत भाजपाको आरोप छ । तृणमूल कांग्रेस प्रमुख एवं पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले सांसदहरूलाई निलम्बन गरेर मोदी सरकारले अधिनायकवादी चरित्र देखाएको आरोप लगाएकी छन् । "अब सरकारसँग सदन चलाउने कुनै नैतिक अधिकार नभएको टिप्पणी गरेकी छन । लोक सभाको कामकारबाही सम्बन्धी नियमावलीको नियम ३७४ अन्तर्गत सभामुखले 'सभामुखको अधिकारलाई बेवास्ता गर्ने र नियम उल्लंघन गर्ने' कुनै सांसदको नाम लिन सक्छन्। त्यसरी नाम लिइएपछि सदनले ती सांसदलाई निलम्बन गर्ने कदम चाल्न सक्छ। सोही अधिकार राज्य सभाका अध्यक्षलाई नियम २५६ ले दिएको छाप्रतिपक्षीले संसद्मा भएको सुरक्षा उल्लंघनबारे गृहमन्त्रीको धारणा र संसद्मा बहस माग गरेका थिए। सांसदहरूले संसद्मा प्लेकार्ड प्रदर्शन गरेका थिए। नियमले त्यस्तो प्रदर्शन गर्न छूट दिँदैन । तर सरकारसँग प्रतिक्रिया माग्ने अधिकार सांसदहरूसँग सधैं रहन्छ।"

निश्चित सांसदलाई नियम नमानेमा कारबाही गर्ने अधिकार छ तर ठूलो समूहमा सांसदहरूलाई निलम्बन गर्न पाइँदैन । यसअघि सन् १९८९ मा मात्रै ठूलो संख्यामा सांसद निलम्बन भएका थिए। राजीव गान्धी प्रधानमन्त्री हुँदा बोफोर काण्डको प्रश्न उठाउँदै सांसदहरूले हप्तौंसम्म संसद् अवरुद्ध गरेपछि ६३ जना सांसद निलम्बनमा परेका थिए। "तर सबैभन्दा ठूलो फरक के हो भने, त्यति वेला केवल तीन दिनका लागि निलम्बन गरिएको थियो, सिंगो अधिवेशनभरिका लागि होइन।प्रतिपक्षी आवाज थुनेर केही क्षणका लागि सरकारलाई फाइदा भए पनि लोकतन्त्रका लागि घाटा र भाजपा सरकारको कालो धब्बा हो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# प्रसारण लाइन निर्माण सुस्तगतिमा

**पोखरापत्र संवाददाता**
तनहुँ, ४ पुस

एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माण सुस्तगतिमा अगाडि बढेको छ ।

आयोजनाको प्याकेज-३ अन्तर्गतको प्रसारण लाइन निर्माणले सोचेअनुरुप गति लिन नसकेको हो । यो प्याकेजको सम्झौता अवधि एक वर्ष बाँकी रहँदा हालसम्म ७० प्रतिशत काम सकिएको आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिनुभयो ।

तेस्रो प्याकेजको सम्झौता अवधि सन् २०२४ डिसेम्बर १९ सम्म रहेको छ। केइसी इन्टर नेसनल भारतले दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको ३६ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिरहेको छ ।

प्रसारण लाइन निर्माणको काम सन् २०२२ मेसम्म सम्पन्न गर्ने लक्ष्य राखिए पनि कोभिड-१९ को महामारी र वन क्षेत्रका रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त हुन ढिलाइ हुँदा सम्झौताको म्याद थप गरिएको थियो । शिल्पकारले भन्नुभयो, "अहिले वनको नीतिगत समस्याका कारण काममा ढिलाइ भएको हो, समस्या समाधान गर्दै अगाडि बढ्ने प्रयत्न भइरहेको छ, डिभिजन वन कार्यालय तनहुँबाट भने पूर्णरूपमा सहयोग पाएका छौं ।" नीतिगत समस्या हटेर पूर्णरूपमा काम गर्न पाएको भए अझै धेरै प्रगति भइसक्ने शिल्पकारको भनाइ थियो । उहाँका अनुसार केही समय रोकिएको उक्त प्याकेजको काम अहिले सुरु भएको छ ।

प्रसारण लाइन निर्माणका लागि ७० वटा टावरको जग हाल्ने कार्य सकिएको छ । त्यस्तै ३३ टावर जडानकार्य सकिएको छ । हालसम्म नौ सय ८८ दशमलव तीन मिटर तार तान्ने काम सकिएको शिल्पकारले बताउनुभयो । प्रसारण लाइन निर्माणका लागि कुल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गरिनेछ । तनहुँतर्फ व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका-४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिने आयोजनाले जनाएको छ ।

आयोजनाले प्याकेज १, २ र ३ मा हालसम्म ४६ प्रतिशत प्रगति हासिल गरेको छ । प्याकेज-१ मा २५, प्याकेज-२ मा ४७ र प्याकेज-३ मा ६९ प्रतिशत प्रगति हासिल भएको छ । आयोजनाको पहिलो प्याकेजअन्तर्गत एक सय ४० मिटर अग्लो बाँधलगायतका संरचना सोङ्गदा कर्पोरेशन, भियतनाम-कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जेभीले निर्माण गरिरहेको छ । त्यसअन्तर्गत अहिले मुख्य बाँध निर्माणको काम सुरु भएको छ । आयोजनाको सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका दोस्रो प्याकेजको निर्माण सिनो हाइड्रो चीनले गरिरहेको छ ।

आयोजनाको समग्र निर्माण २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर ब्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# थकाली संस्कार संरक्षण गर्न प्रशिक्षण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ पुस

थकाली सेवा समिति नेपाल र थकाली अनुसन्धान केन्द्रको आयोजनामा गत मङ्सिर १६ गतेदेखि बेनीमा सुरु भएको 'खिमीच्छुव' र 'क्होई' प्रशिक्षण मङ्गलबार सम्पन्न भएको छ । संस्कार र संस्कृति लोप हुन नदिन र बचाउनका लागि प्रशिक्षण आयोजना गरिएको उपाध्यक्ष योगेन्द्रमान भट्टचनले बताउनुभयो।

"थकालीको विवाहका क्रममा माइतीको सम्मानमा खिमीच्छुव र फागु पूर्णिमामा क्होई अनिवार्य गाउनुपर्छ," उहाँले भन्नुभयो, "गीत गाउन जानेकाहरू मरेर जाने र नयाँ पुस्तामा ज्ञान, सीप नहुँदा संस्कार नै लोप हुन थालेको छ । थकालीको बसोबास भएको ठाउँमा तालिममार्फत संस्कारको पुस्तान्तरण र संरक्षण गर्ने प्रयासमा छौं ।"

भट्टचनले बेनी, दरबाङ र दाना क्षेत्रका १८ जनालाई गीतको शब्द, भाका र लयको विषयमा प्रशिक्षण दिनुभएको थियो । खिमीच्छुवमा गाइने गीतको एउटा टुक्का 'ल्हलाङ स्त्युवे स्हयाङ, तेलाङ स्त्युवे स्हयाङ' को अर्थ देवताको मुलुकमा बस्नु हुने सुखी जीवनमा बस्नुहुने माइती भन्ने हुन्छ ।

मगनी भएपछि माइतीको घरमा जाँदा केटा पक्षले माइतीको सम्मान हुने शब्दहरू समेटिएको खिमीच्छुव गाउने चलन छ । तोरन्ल चाङमा गाउने क्होईको एउटा टुक्का 'च्ह्योङजी तोरन्ल स्हेम्ब, च्ह्योङजी तोरन्ल'को अर्थ आइपुगुभयो तोरन्ल चाड, आइपुगुभयो तोरन्ह चाड भन्ने हुन्छ । नेपालमा पछिल्लो जनगणनाअनुसार कूल १३ हजार जनाको हाराहारीमा जनसङ्ख्या रहेको थकालीलाई सरकारले अल्पसङ्ख्यक जातिमा सूचीकृत गरेको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानाका ओमप्रकाश शेरचनले शब्द अप्ठ्यारो भए पनि 'खिमीच्छुव र क्होई' गाउन सक्ने भएको बताउनुभयो ।

"संस्कार र संस्कृति जोगाएर लोप हुन दिँदैनौं," उहाँले भन्नुभयो, "मुस्किल भए पनि हाम्रो मौलिक सम्पत्तिलाई बचाएर राख्ने र भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्छ भन्ने दायित्वबोध भएको छ ।" नरेश कुमार तुलाचनले 'खिमीच्छुव' र 'क्होई' का शब्द सङ्कलन गरेर थकाली र नेपाली भाषामा लिपिबद्ध गर्नुभएको छ ।

थकाली सेवा समिति नेपालका पूर्वअध्यक्ष कृष्णकुमारी शेरचनले समितिले संस्कार र संस्कृति संरक्षणका लागि रु ३० लाखको अक्षयकोष स्थापना गरेको जानकारी दिनुभयो । सोही कोषको ब्याजबाट यसअघि सल्यान, बुटवल र काठमाडौंमा भाषा तथा संस्कारसम्बन्धी तालिम आयोजना गरिएको थियो । थकाली नेपालका अल्पसङ्ख्यक समुदाय हुन् । थकालीको उद्गम थलो मुस्ताङको थासाङ गाउँपालिका हो । थकाली समुदायको जन्मदेखि मृत्युसम्मका मौलिक संस्कार, चालचलन र रहनसहन रहेको छ । थकालीको भाषा पनि छ । पुराना पुस्ताका मानिसको मृत्यु हुँदै गएको र नयाँ पुस्तामा सीप हस्तान्तरण नहुँदा थकाली समुदायका संस्कार र संस्कृति लोप हुने जोखिममा छ ।

लोप हुन लागेको थकाली समुदायको संस्कारमध्ये विवाह र तोरन्ल (फागु पूर्णिमा) पर्वमा गाउने 'खिमीच्छुव' र 'क्होई' गीत हो। खिमीच्छुव थकाली समुदायको विवाह र क्होई तोरन्ल (फागु पूर्णिमा) पर्वमा अनिवार्य रूपमा गाउनुपर्ने थकाली अनुसन्धान केन्द्रका उपाध्यक्ष भट्टचनले बताउनुभयो ।

# पुग्न गाह्रो म्याग्दीको भाले बास्ने ताल

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ पुस

राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा समेत चर्चित म्याग्दीको भाले बास्ने ताल अहिले पुग्न र देख्न पनि गाह्रो भएको छ ।

लोकसेवा आयोगले लिने परीक्षा र सामान्य ज्ञानका पुस्तकमा सोधिने उक्त ताल कुन जिल्लामा पर्दछ ? भन्ने प्रश्नको उत्तर 'म्याग्दी जिल्ला' भनिए पनि म्याग्देलीहरूकै लागि भने यो ताल लोपोन्मुख सम्पदा हुन लागेको छ । मालिका गाउँपालिका-६ को दुखुर्बेसीमा पर्ने यो ताल तीन वर्षअघि दुखुखोलामा आएको बाढीले पुरिएर साँघुरिएको छ । जङ्गल विस्तारका कारण वरिपरिको क्षेत्रबाट देख्ने नसकिने र कठिन पहरोलाई छिचोलेर पुग्नै नसकिने ठाउँमा यो ताल खुम्चिएको छ । स्थानीयवासीमा यो तालमा अझै पनि बिहान-बिहानै कुखुराको भाले बास्छ भन्ने विश्वास छ ।

मालिका गाउँपालिका-६ मा पर्ने दुखुर्बेसी गाउँ र मङ्गला गाउँपालिका-२ मा पर्ने सहश्रधारा गाउँबाट यो ताल भएको क्षेत्रमा पुग्न सकिन्छ । घना जङ्गलको बीचमा दुखु लेकबाट दुखु झरना झरेको छ । झरनाको दायाँतर्फ पर्ने जङ्गलमा मालिका देवीको पुरानो मन्दिर छ । यही दुखु झरनाले मङ्गला र मालिका गाउँपालिकालाई छुट्याएको छ । दायाँतर्फ मालिका र बायाँतर्फ मङ्गला गाउँपालिका पर्दछ । दुवैतिर घना जङ्गल छ । झरनाको पुछारमा ताल र तालको सिरानमा मन्दिर छ । यही मन्दिरको वरिपरि बिहानको मिर्मिरमा भाले बास्ने भएकाले दुई शताब्दीअघिदेखि यस तालको नाम नै 'भाले बास्ने ताल' रहेको मालिका गाउँपालिका-६ निवासी देवी पुनले बताउनुभयो । यो ताल नेपालको आकर्षक तालको सूचीमा समेत रहे पनि दुर्गमस्थल स्थानीय निकायको बेवास्ताका कारण ओफेलमा परेको छ । पछिल्लो समय त ताल भएकै ठाउँ वरिपरिको जङ्गलमा पुग्दासमेत देख्न कठिन हुन थालेको दुखुर्बेसीका युवा प्रितम पुनले बताउनुभयो । "स्थानीय निकायले यो ताल संरक्षणमा ध्यान दिन नसके यो ताल लोप हुने अवस्थामा पुगेको उहाँको भनाइ थियो । यो तालको सिरानमा रहेको मन्दिर वरिपरिको जङ्गली क्षेत्रमा बिहान उज्यालो नहुँदै कुखुराको भाले कहाँबाट आउँछ अनि उज्यालो भएपछि त्यो भाले कहाँ जान्छ भन्ने विषयमा कसैलाई जानकारी नभएको स्थानीय बासिन्दाले बताए ।

ताल अवलोकन गर्न स्थानीयवासीको सहयोगमा रासस प्रतिनिधि ताल नजिकको जङ्गल र तालको सिरानमा रहेको मन्दिरमा पुग्दा स्पष्टसँग ताल देखिएन । ताल भएको ठाउँ (दुखु झरनाको पुछार) पहरामा जोखिम मोलेर मात्र पुग्न सकिने स्थानीयवासी तिजा पाइजाले बताउनुभयो । जङ्गलको बीचमा जङ्गली जनावर प्रशस्तै थिए । मन्दिरमा बिहान भाले बास्ने समयमा पूजा गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । ताल आसपासमा देवताको शक्ति रहेको धार्मिक विश्वास छ । दुई शताब्दीअघिको दुखुगाउँका नौ भाइमध्ये एक भाइले भरिया लिएर ताल अवलोकन गर्न गएछन् । ताल नजिकै एउटा घर देखेर राति त्यही विश्राम गरेछन् । बिहान कुखुराको भाले बासेको आवाजले उनीहरू ब्युँझिँदा दुवै जना ढुङ्गामा सुतेको अवस्थामा आफूलाई पाएछन् । आफ्नो भाकल र पूजाआजा गर्न गएका ती व्यक्ति र भरिया डराले भागेर गाउँमा आएर उक्त घटना सुनाएछन् । सोही घटनाका आधारमा तालको नामकरण गरिएको बताइन्छ । ती व्यक्ति तालबाट फर्किएपछि लामो समयसम्म बलि लिएर पूजा गर्ने गरेको भनाइसमेत थियो । बेनीबाट बेनी-दरबाङ सडकखण्डअन्तर्गत पर्ने सहश्रधारा, दुखुर्बेसी, दरुङ गाउँबाट यो ताल पुग्न सकिन्छ । बेनीबाट करिब एक घण्टामा सवारीसाधनमार्फत सहश्रधारा पुगिन्छ । त्यहाँ केही समय आराम गरी स्थानीय युवाको पहलमा निर्मित बाटोबाट तालमाथिको जङ्गलसम्म पुग्न सकिन्छ । नियालो र घाँसको सहयतामा आवतजावत गर्नुपर्ने हुन्छ । दरबाङको दुखुर्बेसी त्यहाँ पुग्ने छोटो दूरीको मार्ग रहेको स्थानीयवासी तिलु पुर्जाले बताउनुभयो । जङ्गलभित्र रहेका नियालोको सहारामा तालभन्दा माथि पर्ने जङ्गलसम्म पुगे पनि ताल भएको ठाउँमा भने जान सकिँदैन । केही साहसी व्यक्तिहरू नियालोलाई डोरी बनाएर तालसम्म पुग्छन् । पछिल्लो समय ग्रामीण क्षेत्रमा विस्तार भइरहेका सडकबाट बग्ने लेदोले तालको अस्तित्व सङ्कटमा पारिदिएको छ । भाले बास्ने तालको संरक्षणका लागि गाउँपालिकाले पहल गरिरहेको वडाध्यक्ष पथबहादुर रोकाले बताउनुभयो । उहाँका अनुसार खोलामा आएको बाढीले तालको धेरै भाग पुरिएकाले तालसम्म पुग्न देख्न नसकिएकामा तालसम्म पुग्ने गोरेटो बाटो निर्माण गर्न वडाले पहल गरिरहेको छ ।

# दक्षिण एसियाली स्केट बोर्ड प्रतियोगिता बिहीबारदेखि

**रासस**
काठमाडौं, ४ पुस

पाँचौं दक्षिण एसियाली स्केट बोर्ड प्रतियोगिता तथा स्केट जात्रा बिहीबारदेखि सञ्चालन हुने भएको छ ।

नेपाल स्केट बोर्ड, स्केट बोर्डिङ सङ्घ तथा स्केट एन्ड नेपालको संयुक्त आयोजना बुटवलमा हुन लागेको उक्त प्रतियोगितामा विभिन्न नौ टोलीको सहभागिता रहने आयोजक सङ्घका अध्यक्ष अच्युत खनालले जानकारी दिनुभयो ।

प्रतियोगितामा दक्षिण एसियाका नेपालसहित भारत, बङ्गलादेश, श्रीलङ्का, भुटान, पाकिस्तान र माल्दिभ्स तथा आमन्त्रित राष्ट्रमा म्यान्मार र थाइल्याण्डले प्रतिस्पर्धा गर्नेछन् । उक्त प्रतियोगितामा नेपालबाट एक सय खेलाडीको सहभागिता रहने आयोजकले जनाएको छ । तीन दिनसम्म चल्ने उक्त प्रतियोगिताको पहिलो दिन छनोट चरणका खेल हुनेछन् । छनोट चरणबाट प्रत्येक राष्ट्रको १६ खेलाडी सेमिफाइनलमा प्रवेश गर्नेछन् । सेमिफाइनलबाट प्रत्येक राष्ट्रको आठ खेलाडी उपाधि होडमा प्रवेश गर्नेछन् ।

प्रतियोगितामा पुरुष/महिलामा गेम्स अफ स्केटबोर्ड र बेस्ट रन स्पर्धामा प्रतिस्पर्धा हुनेछ । दुवैको स्पर्धा प्रदर्शनका आधारमा शीर्ष तीन स्थान हात पार्ने खेलाडीको टुङ्गो लगाइने छ । पुरुष/महिला दुवैमा शीर्ष तीन स्थान हात पार्ने खेलाडीले क्रमशः एक हजार अमेरिकी डलर, पाँच सय अमेरिकी डलर र दुई सय ५० अमेरिकी डलर नगद पुरस्कार प्राप्त गर्नेछन् । उक्त प्रतियोगिताका खेल बुटवलको तिलोत्तमास्थित डुङ्गा स्केट पार्कमा खेलाइने आयोजक सङ्घका उपाध्यक्ष एवं प्रतियोगिता संयोजक जाग्रित पहाडीले जानकारी दिनुभयो । प्रतियोगितामा शीर्ष तीनस्थानहातपार्नेपुरुष/महिला खेलाडीलाई जर्मनीको स्केट एड इन्टरनेसनलमा तालिमको अवसर पनि प्रदान गर्ने आयोजक सङ्घका अध्यक्ष अच्युत खनालले जानकारी दिनुभयो ।

# गाउँसभाबाट चार ऐन पारित, नगर प्रहरी नियुक्त गरिँदै

**पोखरापत्र संवाददाता**
दमौली, ३ पुस

तनहुँको म्याग्दे गाउँपालिकाको पन्ध्रौं गाउँसभाले नगर प्रहरी ऐन, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन ऐन, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थापन गर्न बनेको ऐन र म्याग्दे गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन तथा सरसफाइ ऐन (पहिलो संशोधन) पारित गरेको छ । गाउँसभाबाट ऐन पारित भएसँगै नगर प्रहरी नियुक्तिका लागि बाटो खुलेको छ ।

गाउँपालिकामा हालसम्म नगर प्रहरीको व्यवस्था भएको थिएन । गाउँसभामा संस्थागत क्षमता विकास तथा सेवा प्रवाह समितिका संयोजक चिनीमाया थापाले पालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०८० पेस गर्नुभएको थियो । त्यसैगरी वातावरण समितिका संयोजक शिवबहादुर आलेले पालिकाको वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन गर्न बनेको विधेयक, २०८० पेस गर्नुभएको थियो ।

# पर्यटकलाई लोभ्याउन घरबास सञ्चालकलाई तालिम

**पोखरापत्र संवाददाता**
गोरखा, ४ पुस

लाप्राकमा पुग्ने आन्तरिक तथा बाह्य पर्यटकलाई लोभ्याउन उत्तरी गोरखाको धार्चे गाउँपालिका-४ लाप्राकस्थित एकीकृत नमूनाबस्तीका घरबास सञ्चालकहरूलाई घरबास सञ्चालनसम्बन्धी तालिम प्रदान गरिएको छ।

गाउँपालिका र जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजनाबीचकोसाझेदारीमाघरबास सञ्चालकहरूलाई उद्यमशीलता सीप विकास कार्यक्रमअन्तर्गत सीपमूलक तालिम प्रदान गरिएको गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले जानकारी दिनुभयो । घरबासका लागि आउने आन्तरिक तथा बाह्य पर्यटकलाई स्वागत सत्कारसँगै स्थानीय उत्पादनका परिकार बनाएर खुवाउन सिकाउने उद्देश्यले गुप्सी नमूनाबस्ती सामुदायिक घरबासका सञ्चालकलाई सातदिने तालिम प्रदान गरिएको उहाँले बताउनुभयो। "स्थानीय उत्पादनका पनि मीठा मीठा परिकार बनाएर पाहुनालाई सेवा गर्न सकिन्छ तर तालिमको अभाव समस्या हुँदै आएको थियो", उहाँले भन्नुभयो, "यो तालिमबाट घरबासमा आउने पर्यटकको मन कसरी लोभ्याउने भन्ने जानकारी प्राप्त गरेका छन्।" तालिममा १९ जनाको सहभागिता रहेको थियो । पाहुनाका लागि स्थानीय परिकारहरूमार्फत खुशी बनाउन सके स्थानीय उत्पादनको बिक्री पनि हुने र सञ्चालकले पनि राम्रो आम्दानी गर्न सक्ने भएकाले सीपमूलक तालिम प्रदान गरिएको उहाँको भनाइ छ।

तालिममा सहभागीहरूलाई गुप्सीपाखाको आलुका विभिन्न परिकारकाबनाउनसमेतसिकाइएको थियो । गुप्सीपाखाको आलु लोकप्रिय मानिन्छ। सहभागीलाई प्रशिक्षकहरू सुरेश बास्तोला र राजकुमारलामिछानेलेतालिमप्रदान गर्नुभएको थियो । प्रशिक्षकहरूले घरबास सञ्चालकहरूलाई गुणस्तरीय खानाका साथै पाहुनाका लागि बसोबास व्यवस्थापन बारेमा समेत जानकारी प्रदान गरेका थिए । तालिमबाट घरबासको व्यवस्थापनका साथै नीतिगत बिषयमा समेत जानकारी प्राप्त गरेको गुप्सी नमूना होमस्टे सञ्चालक समितिका अध्यक्ष दलवीर गुरुङले जानकारी दिनुभयो । तालिम सञ्चालनका लागि गाउँपालिकाको ६४ प्रतिशत र नेपाल पर्यटन बोर्डको ३६ प्रतिशतको लागत साझेदारी रहेको थियो । तालिमको समापन कार्यक्रममा गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले तालिममा सहभागीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभयो । गोरखाको एक पर्यटक गन्तव्यका रूपमा रहेको लाप्राकमा रहेको एकीकृत नमूनाबस्ती हेर्न र त्यहाँको मनोरम दृश्यको अवलोकनका लागि पर्यटकहरू गुप्सीपाखा पुग्ने गर्दछन्। पर्यटकीय हिसाबले प्रशस्त सम्भावना रहेको धार्चे गाउँपालिकाले घरबास प्रवर्द्धनलाई पनि जोड दिँदै आएको छ।

# शुक्लागण्डकीमा युवासँग उपप्रमुख कार्यक्रम युवालाई उत्पादनसँग जोडिने

**पोखरापत्र संवाददाता**
दमौली, ४ पुस

तनहुँको शुक्लागण्डकी नगरपालिकामा युवासँग उपप्रमुख कार्यक्रम सञ्चालन हुने भएको छ। बाँझो जमिनमा उत्पादन केन्द्रित कार्यक्रम लागू गर्ने उद्देश्यसहित नगरपालिकामा युवासँग उपप्रमुख कार्यक्रम सुरु गर्न लागिएको हो।

यसका लागि कृषि बहुउद्देश्यीय सहकारी संस्था र नगरपालिकाबीचसम्झौताभएको छ। सम्झौतापत्रमा सहकारीका तर्फबाट अध्यक्ष मनराज गुरुङ र नगरपालिकाका तर्फबाट शिक्षा तथा युवा शाखाका प्रमुख नवराज चापागाईंले हस्तान्तरण गर्नुभएको छ। बाँझो जमिनमा उत्पादन केन्द्रित कार्यक्रम लागू गर्ने र उत्पादित वस्तुको जिम्मा नगरपालिकाको रोहवरमा सहकारीले लिने गरी युवासँग उपप्रमुख कार्यक्रम सञ्चालन गर्न लागिएको सहकारीका अध्यक्ष मनराज गुरुङले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकाका तर्फबाट उक्त कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन भएको छ। नगरपालिकाका तर्फबाट रु १० लाख र बाँकी सहकारीको साझेदारी रहने अध्यक्ष गुरुङले बताउनुभयो।यसकार्यक्रमअन्तर्गत माटोको जैविकता जोगाउने, रैथाने बीउहरूको संरक्षणका लागि बीउ बैङ्क स्थापना गर्ने लक्ष्य छ। त्यस्तै, उत्पादनमूलक कार्यक्रमअन्तर्गत कफी, जरे बाली (अदुवा, बेसार, पिडालु, तरुल), रैथाने गेडागुडी (मास, मस्याङ, बोडी, सिमी), मरिच र टिम्मुर खेती गरिनेछ। उहाँले भन्नुभयो, "किसानहरूको समूह गठन गरी उत्पादन केन्द्रित अभियान सञ्चालन गरिनेछ । किसानहरूले उत्पादन गरेको कृषिउपज सामग्री सहकारीले खरिद गर्ने र बजारीकरणमा सहयोग पुऱ्याउनेछ।"

युवालाई उत्पादनमा जोड्न युवासँग उपप्रमुख कार्यक्रम ल्याइएको नगरपालिकाका उपप्रमुख खुमबहादुर विकले बताउनुभयो। उहाँले भन्नुभयो, "युवाशक्ति नहुँदा खेतबारी बाँझो हुने क्रम बढेको छ। युवाशक्तिलाई उत्पादनसँग जोड्न सकिए आत्मनिर्भर बनाउन सकिन्छ।" प्राकृतिक स्रोतसाधनको उपयोग गरी परापूर्वकालदेखि उत्पादित वस्तु र विधिमा नयाँ प्रविधिको समायोजन गरी व्यावसायिक उत्पादन गर्ने उद्देश्यसहित शुक्लागण्डकी नगरपालिकामा गत कात्तिकमा कृष्मी बहुउद्देश्यीय सहकारी संस्था गठन भएको थियो। रासायनिक मल र विषादीको अत्यधिक प्रयोगबाट जनस्वास्थ्यमा पुग्नुगएको दीर्घकालीन स्वास्थ्य समस्यालाई दृष्टिगत राखी प्राकृतिक खेती प्रणालीमार्फत विषादीरहित खाना खाने अभियान सहकारीले गर्ने अध्यक्ष गुरुङको भनाइ छ। उहाँले भन्नुभयो, "रैथाने कृषि वस्तुको प्राकृतिक विधिबाट उत्पादन, प्रशोधन र आफ्नै ब्रान्डिङमार्फत बजारीकरणसम्मको कार्य संस्थाको हुनेछ।" शुक्लागण्डकी नगरपालिका-४, ९ र १२ संस्थाको कार्यक्षेत्र रहे तापनि नगरपालिकाको अनुमति र समन्वयमा १२ वटै वडामा संस्थाले कार्यक्रम तथा गतिविधि गर्ने जनाइएको छ। संस्थापक शेयर सदस्य ३० जनाबाट सुरु गरिए पनि निकट भविष्यमा पाँच सयजना शेयर सदस्य पुऱ्याउने लक्ष्य राखिएको अध्यक्ष गुरुङको भनाइ छ। हाललाई रु दुई करोड पुऱ्याउने र निकट भविष्यमा रु पाँच करोड चुक्ता पुँजी पुऱ्याउने संस्थाको लक्ष्य छ। मासिक रु एक हजार बचत गर्ने करिब एक हजार सदस्य बनाउने र अन्य बचत रकम सङ्कलन तथा ऋण प्रवाहमार्फत करिब पाँच हजार सदस्य सङ्गठित गर्ने योजना छ। हरेक उपभोक्ता अत्यधिक विषादी र रासायनिक मल प्रयोग भएको खाद्यवस्तु उपयोग गर्न बाध्य भएको परिप्रेक्ष्यमा शुक्लागण्डकी नगरपालिकासँगको सहकार्यमा दश हजार घरधुरीमा बायोडायनामिक विधिबाट रासायनिक मल र विषादीरहित करेसाबारी सुधार कार्यक्रम गरिने सचिव ऋषेश्वर भुवाईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यो अभियानबाट कम्तीमा पाँच हजार घरधुरीलाई मझौला व्यावसायिक तरकारी उत्पादक कृषकका रूपमा विकास गरी शुक्लागण्डकी नगरपालिकालाई हरियाली प्राकृतिक कृषि अभियानको नमूना नगरपालिकाको रूपमा विकास गर्न प्रेरित गर्नेछ।"

छरिएर रहेको पुँजीलाई एकीकृत गरी आयआर्जनको पाटोलाई बलियो बनाउँदै किसानको जीवनस्तर सुधार गर्ने उद्देश्यका साथ संस्था स्थापना गरिएको कोषाध्यक्ष सरोज पौडेलले जानकारी दिनुभयो।

संस्थाले महिलाहरूको बचत तथा लघु उद्यम सञ्चालन गर्न सामूहिक जमानीमा कर्जा प्रवाहका लागि कृष्मी महिला बचत समूह गठन गर्नेछ । समूहमार्फत मासिक बचत, सामूहिक जमानिमा कर्जा प्रवाह, वित्तीय साक्षरता, लघु उद्यमीसम्बन्धी सचेतना लगायतका कार्य गर्ने उहाँको भनाइ छ। संस्थाले कृषकलाई प्रोत्साहनस्वरुप कृषक समृद्धि बचत खाता सञ्चालन गर्ने र जसमा रु एक लाख जम्मा गर्नुपर्नेछ। त्यसका लागि कम्तीमा दुई वर्षसम्म बचत गर्नुपर्ने र यो योजनाअन्तर्गत सबैभन्दा धेरै ब्याजदरसँगै बचत रकमको तीन प्रतिशत थप रकम प्रोत्साहनस्वरुप प्राप्त गर्ने जनाइएको छ।

# 'अटिजम रोग होइन, समस्या हो'

**रासस**
चितवन, ४ पुस

बागमती प्रदेशमा एक हजार दुई सय ५३ जना अटिजम समस्याबाट ग्रसित छन् । तीमध्ये काठमाडौँमा चार सय ९५, चितवनमा एक सय १३, ललितपुरमा ८३, भक्तपुरमा ७८ र मकवानपुरमा ७७ जना रहेका छन्। त्यसैगरी, काभ्रेमा ७५, धादिङमा ७०, नुवाकोट र सिन्धुलीमा ६५/६५, सिन्धुपाल्चोकमा ५४, दोलखामा ३३ र रसुवामा १७ जना रहेका छन्।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले यहाँ आयोजना गरेको अटिजमसम्बन्धी कार्यशाला गोष्ठीमा दिइएको तथ्याङ्कअनुसार नेपालमा हाल अटिजम समस्याबाट ग्रसित चार हजार आठ सय ८६ जना रहेका छन् । मन्त्रालयका विज्ञ चिकित्सक डा शाकार खनालका अनुसार विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कलाई आधार मान्ने हो भने एक सयमा एक जनामा गरी करिब तीन लाख जनामा यो समस्या रहेको अनुमान गरिएको छ । एकजना महिला बराबर चारजना पुरुषमा यो समस्या हुने देखिएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भौगोलिक अवस्थाअनुसार हिमालमा तीन सय २८, पहाडमा दुई हजार दुई सय २९, तराईमा दुई हजार तीन सय २९ जनामा यो समस्या रहेको छ।" अटिजमको समस्या गाउँमा भन्दा सहरी क्षेत्रमा बढिरहेको कार्यक्रममा जानकारी दिइयो। गाउँमा एक हजार सात सय २८ र सहरमा तीन हजार एक सय ५८ जनामा यो समस्या देखिएको तथ्याङ्कमा उल्लेख छ।

अटिजम केयर नेपाल सोसाइटीका सुरेन्द्र बज्राचार्यका अनुसार अटिजम रोग नभई समस्या हो । नेपालमा अटिजम भएको १८ महिनादेखि पत्ता लाग्ने गरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "विश्वका विभिन्न देशमा ६ महिनादेखि समस्या पत्ता लगाउने गरेको भए पनि नेपालमा भने १८ महिनापछि मात्र पत्ता लाग्ने गरेको छ।" नेपालमा रहेका अपाङ्गहरूमध्ये ० दशमलव ८० प्रतिशत अटिजमका रहेको जनाउँदै उहाँले अटिजम जन्मजात आउने अवस्था रहेको बताउनुभयो । यो समस्या वंशाणुगत, वातावरण र सङ्क्रमण्का कारणले हुने गर्दछ । यसको अहिलेसम्म उपचार नभएको जनाउँदै उहाँले विभिन्न किसिमको थेरापी तथा पुनर्स्थापनाले सुधार गर्न सकिने जानकारी दिनुभयो । कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य सचिव दीपक तिवारीले अटिजम भएकाको विषयमा देखिएका समस्या समाधानका लागि प्रदेश सरकारले पहिलोपटक प्रयास गरेको बताउनुभयो । यस प्रकारका कार्यक्रमले सरकारका भावी कामहरू र वास्तविक तथ्याङ्क सङ्कलनमा सहज हुने उहाँको भनाइ थियो । गोष्ठीमा प्रदेशभित्र रहेका स्वास्थ्य संस्थाका प्रतिनिधि एवं अटिजम क्षेत्रमा काम गर्दै आएका विभिन्न सङ्घसंस्थाको सहभागिता रहेको थियो।

# त्रिविको ४९औँ दीक्षान्त 'वर्ल्ड रेकर्ड' प्राप्तिको प्रक्रियामा

**रासस**
काठमाडौं, ४ पुस

एकैपटक एकै स्थानमा ठूलो सङ्ख्यामा विद्यार्थी दीक्षित गराएको विषयलाई त्रिभुवन विश्वविद्यालयले 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड' प्राप्तिको प्रक्रियामा अघि बढाएको छ।

उक्त रेकर्डका सम्बन्धमा विभिन्न प्रकारका सूचना सम्प्रेषण भइरहेका बेला विश्वविद्यालयले यही पुस २ गते त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको ४९औँ दीक्षान्त समारोहमा अफिसियल वर्ल्ड रेकर्डका प्रतिनिधि आएर अवलोकन गरेको र आफूहरूले 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड' प्राप्तिका लागि दाबी गरेको विश्वविद्यालयका सूचना तथा जनसम्पर्क महाशाखा प्रमुख योगेन्द्रप्रसाद दाहालले बताउनुभयो। समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थिति तथा प्रधानमन्त्री एवं कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा भएको उक्त समारोहमा त्रिविका विभिन्न सङ्काय र तहमा उपाधिप्राप्त १२ हजार चार सय १५ विद्यार्थी दीक्षित भएका थिए । त्रिविको ६१औँ ग्रेसलिष्टमा परेका ७४ हजार सात सय ४९ विद्यार्थीमध्ये यसपटक १२ हजार चार सय १५ जनाले दीक्षान्त समारोहमा सहभागिताका लागि आवेदन दिएका थिए। निवेदन दिएकामध्ये स्नातक तहतर्फ आठ हजार ९८, स्नातकोत्तर तहतर्फ चार हजार एक सय चार, एमफिलतर्फ ४४ तथा विद्यावारिधितर्फ एक सय १२ विद्यार्थी दीक्षित भएका थिए । गत वर्ष १० हजार तीन सय विद्यार्थी दीक्षान्त समारोहमा सहभागी भएका थिए

# रुसी सेनामा कार्यरत अर्का नेपालीको निधन, युक्रेनमा चार जना बन्दी

**रासस**
काठमाडौं, ४ पुस

रुसी सेनामा कार्यरत अर्का एक जना नेपाली नागरिकको मृत्यु भएको छ । परराष्ट्र मन्त्रालयका अनुसार कुन्दनसिंह नागलको मृत्यु भएको हो।

मन्त्रालयले नेपालका लागि रुसका राजदूतमार्फत रुसी सेनामा भर्ना भई निधन भएका नेपाली नागरिकहरूको शव यथाशीघ्र नेपाल पठाउन तथा घाइतेलगायत पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन पुनःअनुरोध गरिएको जनाएको छ।

साथै मन्त्रालयले नेपाली नागरिकलाई रुसी सेनामा भर्ना नगर्न र भर्ना गरिएका नेपालीलाई तत्काल नेपाल फर्काउन रुसी राजदूतमार्फत रुसी सरकारलाई पुनःअनुरोध गरेको आज एक प्रेस विज्ञप्ति निकालेर बताएको छ। "रुसी सेनामा भर्ना भएका नेपाली नागरिकको सङ्ख्या, घाइते सङ्ख्या तथा उनीहरूको अवस्थाका बारेमा यथाशीघ्र जानकारी गराउन अनुरोध गरिएको छ।

सरकारी कामकाज, रुसी सरकारको छात्रवृत्ति तथा पेसा व्यवसायमा संलग्न भएकालाई बाहेक अन्य सर्वसाधारण नागरिकहरूलाई रुस यात्रा गर्नु परेमा परराष्ट्र मन्त्रालयअन्तरगतको कन्सुलर सेवा विभागबाट जारी गरिने नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिएर मात्र यात्रा गर्न सकिने व्यवस्था गरिएकोमा सो व्यवस्थालाई विस्तार गरी भारत, बङ्गलादेश, श्रीलङ्का, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत, कतार र बहराइनबाट समेत रुस यात्रा गर्नु परेमा तत् तत् देशमा रहेका नेपाली राजदूतावास तथा महावाणिज्यदूतावासहरूबाट जारी गरिने एनओसी लिएर मात्र यात्रा गर्नुहुन सर्वसाधारणमा यो मन्त्रालय हार्दिक अपिल गर्दछ", विज्ञप्तिमा भनिएको छ। युक्रेनमा बन्दी बनाइएका चार जना बन्दीका बारेमा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा जनाइएको छ।

बन्दी बनाइएकाहरूलाई शीघ्र रिहा गरी नेपाल फिर्ता पठाउन युक्रेन सरकारलाई कूटनीतिक माध्यमबाट अनुरोध गरिएको परराष्ट्रले बताएको छ । मन्त्रालयका अनुसार निजहरूको रिहाइ र नेपाल फिर्तीका लागि अन्तर्राष्ट्रिय कमिटी अफ रेडक्रसलगायत अन्य माध्यमबाट पनि कूटनीतिक प्रयास भइरहेको जानकारी छ।

मन्त्रालयले बर्दिया राजापुर-१ का विवेक खत्री, मण्डनदेउ-६, काभ्रेपलाञ्चोकका सिद्धार्थ ढकाल, लेटाङ-२, मोरङका विकास राई र रून्तिगढी-८ रोल्पाका प्रतीक पुनलाई युक्रेनमा बन्दी बनाइएको बताउँदै उनीहरूको रिहाइका निम्ति भगिरथ प्रयास गरिरहेको जनाएको छ।


## कालिका पब्लिक कलेज
**पोखरा-१०, रामबजार**
Email: kalikapubliccollege@gmail.com

## सूचि दर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०५**

**यस कलेजका लागि आ.व. २०८०/०८१ मा आवश्यक पर्ने निम्न लिखित अनुसारका मालसामान, सेवा, खरिद तथा मर्मत समेतको कार्यका लागि इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी तथा सेवा प्रदायकहरुबाट सूचि दर्ताका लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सूचि दर्ताको निमित्त तपशिलमा उल्लेखित बस्तु तथा सेवाका हरेक समुहका लागि छुट्टाछुट्टै सूचि तयार गरी कालिका पब्लिक कलेज, पोखरा-१०, रामबजारमा कलेज खुल्ने समयभित्र (विहान ६ बजेदेखि १० बजेसम्म) सूचि दर्ताका लागि अब्हान गरिन्छ । रीत नपुगी र म्याद नाघि आएका निवेदन उपर कुनै कारवाही हुने छैन ।**

**तपशिल**

**दर्ता गर्नुपर्ने वस्तु तथा सेवा समूहहरू**

१. स्टेशनरी, छपाई तथा मसलन्द सम्बन्धी समानहरु
२. कम्प्युटर, प्रिन्टर, यु.पि.एस., फोटोकपि मेशिन लगायत समानहरु तथा सो को पाटपुर्जाहरु आपूर्ति तथा मर्मत कार्यहरु
३. फर्निचर तथा फर्निसिङका समानहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु
४. निमार्ण तथा मर्मत सम्बन्धी कार्यहरु
५. पुस्तक तथा पुस्तकालय सामाग्रीको आपूर्ति
६. विद्युत सामाग्री आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु
७. भवन तथा फर्निचर रङरोगन सम्बन्धी कार्यहरु

**कलेज प्रमुख**



**त्रिभुवन विश्वविद्यालय**
## वन विज्ञान अध्ययन संस्थान
**पोखरा क्याम्पस, पोखरा**

## सेवा करारमा हेभी सवारी चालक (ड्राईभर)को पदपूर्ति गर्ने सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

**यस क्याम्पसका लागि हेभी सवारी चालक(ड्राईभर) पद २ (दुई) व्यक्तिगत सेवा करारमा बढिमा ६ महिनाका लागि पदपूर्ति गर्नुपर्ने भएको हुँदा अदालतबाट कुनै कसुरदार नठहरिएको ईच्छुक, योग्य, नेपाली नागरिकहरुबाट मिति २०८०/०९/१८ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।**

**विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।**

**क्याम्पस प्रमुख**